**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

# परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुरको**

# ध्यानाकर्षण सम्वन्धमा

**(प्रकाशित मिति २०७५/०७/०८)**

नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७५।०७।०७ गते बुधवार प्रकाशित सिटिइभिटिमा पैसाको खेल समाचार प्रति यस परिषद् परीक्षा नियन्त्रण कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । शैक्षिक शत्र २०७५ सालको नयां प्रशिक्षार्थी भर्नाका लागि प्रकाशित सूचना अनुसार बर्गिकृत(निशुल्क) छात्रवृत्तिको प्रवेश परीक्षा मर्यादित रुपमा संचालन गर्नका लागि सम्वन्धित सरोकारवालाहरुबाट प्राप्त सहयोगको परिषद् परीक्षा नियन्त्रण कार्यालय उच्च मुल्यांकन गर्दछ ।

उक्त प्रवेश परीक्षाको सूचना प्रकाशित गर्दा बिद्यार्थी, अभिभावक, एवं सरोकारवालाहरुबाट परीक्षालाई मर्यादित, निष्पक्ष एवं विश्वसनीय ढंगबाट संचालन गर्न सहयोग पुऱ्याउन राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०७५।०४।०५ गते अपिल गरिएको । साथै बिभिन्न भर्ना सम्वन्धी सूचनाहरुमा सचेत गरिएको व्यहोरा समेत स्मरण गराउन चाहन्छ ।

यसो हुंदा हुंदै पनि कोही कहिं कतैबाट बिद्यार्थीहरुलाई ठगी गरी अनावश्यक तरीकाले भर्ना गराईदिन्छु भनी परिषद्को मर्यादा भंग गर्ने गरी अनियमितता गर्ने गराउनेहरुका सम्वन्धमा प्रमाण सहित उजुरी गरेमा यस परीक्षा नियन्त्रण कार्यालयले आवश्यक छानवीन गरी कार्यवाहीको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछ ।

**परीक्षा नियन्त्रक**